मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ३२३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ कात्तिक १६ गते आइतवार (Sunday, November 1. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

सूचना

'आर्थिक सशक्तिकरणसहिकतको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण'

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## लागेन दशैं मेला, देखाइएन सन्थाल नाच

**झापा, कात्तिक १५।** कोरोना कहरकाबीच यो वर्ष दशैं मनाइएका कारण झापामा कुनै पनि स्थानमा दशैं मेला लाग्न सकेनन् भने मेलामा देखाइने सन्थाल नाच समेत देखाइएन।

मेलामा सन्थाल नृत्य प्रमुख आकर्षक मानिन्थ्यो। तर, झापाका स्थानीय बजारमा दशैंको अवसर पारेर देखाइने सन्थाल नृत्य यो वर्ष प्रभावित भएको छ।

कोरोना कहरकाबीच दशैं मनाइएकाले यो वर्ष अघिल्ला वर्षझैं सन्थाल नृत्य नदेखिइएको हो। विशेषगरी घैलाडुब्बा, डाँगीवारी, लकडीगद्दी, राजगढ, गरामनी, सैनिकमोड, बैसाबाडी, गौरीगञ्ज, टाघनडुब्बा, फुलवारी, महाभारा, लालपानी, शरणामती, झापाबजार, चारआली तथा लखनपुर लगायतमा सन्थाल नृत्य यसअघिका वर्षमा देखाइन्थ्यो।

प्रकृतिपूजक सन्थालहरू आदिकालदेखि नै हिन्दूहरूको चाड दशैं र तिहारको बेला दासाई नृत्यमा रमाउने गर्छन्। दशैं र तिहारको समयमा गाउँ-गाउँमा लाग्ने मेलामा सन्थाल समुदायका मानिसहरुको नाच प्रमुख आकर्षण हुने गरेको छ। सन्थाल नाच नभएको दशैं मेलामा कुनै रौनक हुँदैन भन्ने धेरै छन्।

पूर्वी तराईका आदिवासी सन्थाल समुदायका मानिसहरुको दशैं विशेष किसिमको हुने गरेको छ। उनीहरुले आफ्ना देउतालाई आफ्नो समुदायको मात्र होइन समग्र समाजकै भलाई होस् भन्ने प्रार्थना गर्ने गरेका छन्।

सन्थाल नृत्य आफ्नै जातीय भाषा, गाईजात्रे पहिरन,



फोटो फायल

रङ्गीचङ्गी भाव भंगिमा रंगीन कमिज, पञ्ची, धोती जस्तो कपडा शिरमा मयुरको प्वाँख र ऐना तथा झुम्काले बनाएको फेटा लगाई, जीउमा कल्ली बाँधेर बाजागाजाको साथ एउटै ताल, सुरमा सामुहिक रूपमा छुट्टाछुट्टै समूहमा प्रस्तुत गरिन्छ।

यस नृत्यमा नाच्नेहरू सबै पुरुष सन्थालहरू हुन्छन् भने उनीहरूलाई आकर्षित गर्न महिलाहरू पनि उत्तिकै सक्रिय हुन्छन्। नृत्यको मध्य अवस्थामा महिलाहरूले बेलाबेलामा भुजा फ्याँक्ने गर्दछन् भने नाचिरहेका सन्थालहरू आफूलाई बहादुर सावित गर्न बिनाहात जमिनमाथि उडेका भुजा खाने प्रयास गर्दछन्। तर, यस वर्ष दशैंमा मेला नलागेकाले यस खाले कुनै गतिविधि देख्न पाइएन।

दशैंमा देवीपीठमा नृत्य प्रस्तुत गर्न प्रत्येक सन्थाल गाउँबाट मूलीको नेतृत्वमा सन्थालहरू भंगी पहिरनमा अपरान्ह जम्मा भई लठ्ठी बजाउँदै, ढोल ठोक्दै, बाँसमाथिको

(बाँकी अन्तिम पृष्ठमा)

## जुवातास खेल्दाखेल्दै ६४ जना पक्राउ

**झापा, कात्तिक १५।** विभिन्न जिल्लाबाट जुवातास खेलिरहेको अवस्थामा ६४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं, चन्द्रागिरी नगरपालिका-३ खरिबोटस्थित रुपचन्द्र श्रेष्ठको घरमा तास खेलिरहेका श्रेष्ठ सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ।

महानगरीय प्रहरी वृत्त थानकोटबाट खटिएको प्रहरीले उनीहरुलाई तास खेलिरहेको अवस्थामा नगद ५५ हजार ३ सय ९० रुपैयाँ र ३ बुक तास सहित फेला पारी पक्राउ गरेको हो।

त्यस्तै कैलाली जोशीपुर गाउँपालिका-१ स्याउले बजार बस्ने ३५ वर्षीय यज्ञबहादुर बिष्टको घरमा तास खेलिरहेको अवस्थामा बिष्ट लगायत २९ जनालाई नगद २ लाख ५१ हजार ४ सय रुपैयाँ र ८ गड्डी तास सहित प्रहरीले पक्राउ गरेको छ।

सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय दिपायल, जिल्ला प्रहरी कार्यालय कैलाली तथा मातहत कार्यालयबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो।

त्यसैगरी तनहुँ भानु नगरपालिका-१० चोकमैदान हानहटिया बस्ने सूर्यकुमार श्रेष्ठको घरमा कौडा खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ५५ वर्षीय अर्जुन उप्रेती लगायत १६ जनालाई नगद ४८ हजार २ सय ७० रुपैयाँसहित प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय भानु मुकाम डुम्रेबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो।

त्यस्तै डडेल्धुरा, अमरगढी नगरपालिका-५ बस्ने मनोज सिजापतीको घरमा तास खेलिरहेको अवस्थामा ११ जनालाई नगद १८ हजार ३ सय ८५ रुपैयाँ सहित शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय डडेल्धुराबाट खटिएको प्रहरीले उनीहरुलाई

(बाँकी अन्तिम पृष्ठमा)

## होर्डिङ बोर्ड हटाउन शुरु

**इलाम, कात्तिक १५।** इलाम नगरपालिकाले नगरभित्र विभिन्न स्थानमा टाँगिएका होडिङ बोर्डहरु हटाउन शुरु गरेको छ। विज्ञापन कर नबुझाउने कम्पनीका विज्ञापनयुक्त होडिङ बोर्डहरु हटाउन शुरु गरिएको नगरपालिकाले जनाएको छ।

नगर क्षेत्रमा प्रदूषित बनाउने गरी टाँगिएको विभिन्न होडिङ बोर्ड तथा विज्ञापन हटाइएको हो। नगरपालिकाले विज्ञापन कर बुझाउन अटेर गर्ने उत्पादक, कम्पनी वा सप्लायर्सका होडिङ बोर्ड हटाउन शुरु गरेको हो।

नगरपालिकाले गत आर्थिक वर्षमा वार्षिक रु. पाँच लाख १० हजारमा विज्ञापन करको ठेक्का बन्दोबस्ती गरेको भए पनि विज्ञापन प्रयोग गरिएको विभिन्न कम्पनी वा विज्ञापन प्रदायकले नगरले तोकेको दररेट अनुसार कर नबुझाएपछि यस्ता विज्ञापनयुक्त होडिङ बोर्ड हटाउन शुरु गरिएको नगरका सरसफाई शाखा प्रमुख प्रेम दियालीले जानकारी दिए। नगरपालिकाले आर्थिक ऐनमा व्यवस्था भए अनुसार विज्ञापन कर लगाउने निर्णय गरेको थियो। विभिन्न कम्पनी वा डिलरले आफ्नो उत्पादनलाई प्रचार-प्रसार गर्नका लागि वितरक वा पसलको नाम समेटेर आफ्नो विज्ञापन गरिरहेको र यसले नगरमा प्रदुषण समेत बढिरहेको छ।

हाल नगरपालिकाले विभिन्न मदिराजन्य पदार्थका बोर्ड, विभिन्न कम्पनीका उत्पादनसहितका बोर्ड हटाइएको छ। यस कार्यलाई निरन्तरता दिँदै काम अगाडि बढाइने जनाइएको छ। बाँकी रहेका कम्पनीहरुले तत्काल तिर्नुपर्ने शुल्क तिरे बोर्ड राख्न पाइने जनाइएको छ।

## झापाका आठ जना पत्रकार संक्रमित

### पाँच जनाले जिते कोरोना, तीन जना होम आइसोलेसनमा



तारामणि सापकोटा



गणेशमान मुखिया



लोकनाथ रिजाल

**झापा, कात्तिक १५।** कोरोना भाइरस (कोभिड-१९)का कारण विश्वमा लाखौंले ज्यान गुमाइ सकेका छन्। पछिल्लो समय अग्रस्थानमा खटिएर सूचना प्रवाह गर्ने पत्रकार समेत संक्रमित हुने क्रम बढेको छ।

झापामा मात्रै आठ जना पत्रकार कोरोना संक्रमित भएका छन्। जसमध्ये पाँच जनाले कोरोना जितेका छन्। कोरोना जित्ने पत्रकारहरुमा दयाराम दाहाल (सुलभ), भूपाल लुइँटेल, रमेश तिवारी, केशव भट्टराई र जीएन शर्मा रहेका छन्। हाल तीन जना पत्रकार होम आइसोलेसनमा रहेका छन्।

कोरोना संक्रमण देखिएपछि पत्रकार महासंघ झापाका अध्यक्ष तारामणि सापकोटा, कान्तिपुर टीभीका झापा संवाददाता गणेशमान मुखिया र पाथीभरा एफएमका समाचार प्रमुख लोकनाथ रिजाल होम आइसोलेसनमा रहेका छन्। उनीहरुको अवस्था सामान्य रहेको र चिकित्सकसँग परामर्श गरिरहेको बताइएको छ। सापकोटा झापाको शिवसताक्षीस्थित मूल घर, मुखिया बिर्तामोडस्थित घर र रिजाल मोरङस्थित घरमा रहेका छन्। पछिल्लो समय झापासहित देशभर कोरोनाको संक्रमण दर बढ्दै गएको छ। कोरोना जितेका पत्रकारहरुले आत्मबल बलियो बनाउन र आफ्नो स्वास्थ्यको ख्याल गर्न सबैमा आग्रह गरेका छन्।

यसैबीच पत्रकार महासंघका उपाध्यक्ष एकराज गिरीले अग्रस्थानमा खटिने सञ्चारकर्मीलाई स्वास्थ्य सावधानी अपनाउन आग्रह गरेका छन्। उनले संक्रमित पत्रकारहरुको शिघ्र स्वास्थ्य लाभको कामना समेत गरेका छन्। प्रदेश १मा हालसम्म ७० जना पत्रकार संक्रमित भएको पत्रकार महासंघका प्रदेश अध्यक्ष विक्रम लुइँटेलले जनाएका छन्।

## बृद्धको मृत्यु

**झापा, कात्तिक १५।** कोरोना संक्रमणबाट झापा गौरीगञ्ज गाउँपालिका-६ का एक बृद्धको मृत्यु भएको छ।

धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोभिड अस्पतालमा उपचारका क्रममा ७३ वर्षीय संक्रमित बृद्धको मृत्यु भएको हो।

गत कात्तिक ६ गते संक्रमण पुष्टि भएको र ७ गते कोभिड अस्पतालमा भर्ना गरिएको बृद्धको उपचारका क्रममा मृत्यु भएको गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख रामचन्द्र मिश्रले बताए। मृतक मुटुरोगी भएको बताइएको छ। गौरीगञ्जमा

(बाँकी अन्तिम पृष्ठमा)

## प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

**प्रथमपटक प्रकाशित मिति २०७७/०७/१६**

कनकाई नगरपालिका, प्रदेश नं १, नेपालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | कनकाई नगरपालिका<br>जामुनबारी, झापा , प्रदेश नं १, नेपाल<br>फोनः ०२३-४०११५५<br>ईमेलः kanakai.mun@gmail.com |
| **प्रस्तवाको व्यहोरा** | कनकाई खोला किनारक्षेत्रबाट संकलन तथा उत्खनन् हुने ढुंगा गिट्टी बालुवा सम्बन्धी |
| **प्रभाव पर्न सक्ने जिल्ला नगरपालिका र वडा** | कनकाई नगरपालिका<br>वडा नं ४, झापा, प्रदेश नं १ |

माथि उल्लेखित प्रस्ताव कार्यान्वयनबाट त्यस क्षेत्रको प्राकृतिक, भौतिक, रासायनिक, जैविक, सामाजिक साास्कृतिक र आर्थिक प्रणालीहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न प्रस्तावकले प्रारम्भिक वातावरणीय परिक्षण (IEE)अध्ययन प्रतिवेदन तयार गर्नु परेकोले उक्त प्रतिवेदन तयारिको सिलसिलामा उक्त कार्यबाट प्रभावित हुने स्थानिय समुदाय तथा स्थानीय तहका प्रतिनिधिहरु समेतलाई सहभागि गराई सार्वजनिक सुनूवाई गर्नुपर्ने भएकाले यस प्रस्तावसँग सरोकार राख्ने सम्पुर्ण सरोकारबालाहरुलाई निम्न स्थान मिति र समयमा उपस्थिति हुन अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

| | |
|---|---|
| **स्थान** | माई भगवती मन्दिर, नवज्योति टोल कनकाई नगरपालिकाको वडा नं ४,झापा, प्रदेश नं १, नेपाल |
| **मिति** | २०७७/०७/१७ गते |
| **समय** | बिहानको ८ बजे |

## नाम सच्याइएको सूचना

भारत आसाम राइफल्समा कार्यरत राम बहादुर थापा G12301497A HAV (GD) बाबुको नाम भीमबहादुर थापा रहेकोमा निजको नेपाली नागरिकतामा रहेकोनाम राम बाहादुर खड्का र राम बाहादुर थापा एकै व्यक्ति भएको र निजको बाबुको नाम मित्र बहादुर खड्का रहेको जानकारी यसै सूचनामार्फत जानकारी गराउँदछौं।

सुश्रुत आयुर्वेदमा विशेष डाक्टर आउने बारेको सूचना

डा. जितेन्द्र मण्डल
MS (AY) IMS, BHU, Selsi (India)
Consultant Surgeon of proctologist, Specialist No. 5

यही **मिति २०७७ साल कात्तिक १७ र १८ गते** पाइल्स फिस्टुला रोग विशेषज्ञ डाक्टर राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्र किर्तीपुर (काठमाडौं) बाट आउँदैहुनुहुन्छ। दिसा गर्दा दुख्ने, पोल्ने, मासु पलाएको, पिलो जस्तो घाउ आएको, रगत बग्ने र मलद्वार चिलाउने जस्ता विरामीले यथाशीध्र तलको ठेगानामा सम्पर्क राख्नुहोला।
नोटः फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ।

सम्पर्कः सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै, बिर्तामोड, झापा
फोन नं. ०२३-५४१३११, ९८५२६८८९८६

बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७७का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशनस**मा **नर्सरीदेखि कक्षा ७** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं।

भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ।

**समय :** विहान १० बजेदेखि १ बजेसम्म

विस्तृत जानकारीका लागि
बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोड-१, झापा
०२३-५४०१९५/ ५४२८२०

खुशीको खबर ! खुशीको खबर !!

सञ्जीवनी हस्पिटल प्रा.लि. ,बिर्तामोड -१, झापा (०२३-५४४२६०)
"Your Life Sanjeevani Care's"

हिन्दूहरुको महान चाड बिजया दशमीको पावन अवसरमा स्वदेश तथा बिदेशमा रहुने हुने सम्पूर्ण नेपालीहरुमा उन्नति, प्रगति, दीर्घायू तथा सु-स्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं - सञ्जीवनी अस्पताल परिवार

यही मिति २०७७/०७/०४ देखि २०७७/०८/०५ गतेसम्म सम्पूर्ण सेवाहरुमा १५ प्रतिशत भारी छुटको व्यवस्था छ।

समय बिहान : ९:०० बजेबाट बेलुका ५:०० बजेसम्म

डा. सीपी यादव
वरिष्ठ मुटु रोग विशेषज्ञ

डा. मिङ्कु कुमार झा
कार्यकारी निर्देशक

दैनिक उपलब्ध विशेषज्ञ डाक्टरहरुको सेवाहरुः
-मुटु रोग सम्बन्धि सम्पूर्ण सेवा। - ईको कार्डियो ग्राफी सेवा
-फिजिसियन (मधुमेह, प्रेसर, पेट,छाती-भिडियो एक्स-रे सेवा तथा थाईराइड)
-बालरोग बिशेषज्ञ सेवा - ईसिजी सेवा
-हाडजोर्नी तथा नशा रोग बिशेषज्ञ - ल्याब सम्बन्धि सम्पूर्ण सेवा
- शल्यक्रिया सेवा (हर्निया,फिस्टुला लगायात अन्यसेवाहरु पनि छन्।
नोटः(ओपीडी सेवा,बिहान ९:00 बजेदेखि बेलुका ५:00 बजेसम्म।

सञ्जीवनी अस्पताल प्रालि
बिर्तामोड-१, झापा (०२३-५४४२६०)



# बिर्तामोड-१मा आधारभूत स्वास्थ्य केन्द्र



**बिर्तामोड, कात्तिक १५।** बिर्तामोड-१ मा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण शुरु गरिएको छ।

बिर्तामोड-१ का बासिन्दालाई आधारभूत स्वास्थ्य उपचारमा पहुँच पुर्‍याउने उद्देश्यले आधारभूत स्वास्थ्य केन्द्रको निर्माण शुरु गरिएको बिर्तामोड-१ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले बताए।

बिर्तामोड- १ का बासिन्दा दानबहादुर राउतले ६० लाख मूल्य बराबरको एक कठ्ठा जग्गा निःशुल्क उपलब्ध गराएपछि सोही जग्गामा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण शुरु गरिएको उनले बताए। वर-पिपल टोल विकास संस्थाको वरपिपल चोक नजिकै आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण कार्यको शनिबार शिलान्यास गरिएको छ। बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटी, उपप्रमुख पवित्रा महतारा प्रसाईं, बिर्तामोड-१ का वडाध्यक्ष अग्निप्रसाद पाण्डे, जग्गादाता दानबहादुर राउतले आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण कार्यको शिलान्यास गरेका थिए। बिर्तामोड-१ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बिर्तामोड-१ की वडासदस्य यमुना आचार्यले स्वागत गरेकी थिइन्।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटी, उपप्रमुख पवित्रा महतारा प्रसाईंले बिर्तामोड-१ मा निर्माण हुने आधारभूत स्वास्थ्य केन्द्रबाट त्यस क्षेत्रका बासिन्दा लाभान्वित हुने बताए। २७ लाख रुपैयाँको लागतमा निर्माण हुने आधारभूत स्वास्थ्य केन्द्रको भवन एकतले र चारकोठे रहने बताइएको छ।

कार्यक्रमको सञ्चालन बिर्तामोड-१ की वडासदस्य कमला महरा दर्जीले गरेकी थिइन्। आधारभूत स्वास्थ्य केन्द्रका लागि व्यवसायी युवा राजु वस्नेत, विशाल निरौला, राजु समाल समेतको पहलमा उक्त जग्गा निःशुल्क प्राप्त भएको वताइएको छ।

# २५०८ जनामा संक्रमण, १७ जनाको मृत्यु

**काठमाडौं, कात्तिक १५।** नेपालमा विगत २४ घण्टामा २ हजार पाँच सय आठ जनामा कोरोनाभाइरस सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार ९ हजार दुई सय ७९ वटा नमूनाको परीक्षण गर्दा त्यति सङ्क्रमित फेला परेका हुन्। सो अवधिमा कोभिड-१९ कारण १७ जनाले ज्यान गुमाएको तथ्याङ्क मन्त्रालयले सार्वजनिक गरेको छ।

योसँगै नेपालमा कोभिड-१९का कारण मृत्यु हुने सङ्क्रमितको संख्या ९ सय ३७ पुगेको छ। अहिलेसम्म देशभरि १ लाख ७० हजार सात सय ४३ जनामा कोरोनाभाइरस सङ्क्रमण पुष्टि भइसकेको छ।

**को हुन् संक्रमित ?**

अहिले विभिन्न जिल्लामा सङ्क्रमितहरू फेला परेका हुन्। तीमध्ये ९ सय ७६ महिला र एक हजार पाँच सय ३२ पुरुष छन्।

काठमाडौं उपत्यकामा सर्वाधिक संख्यामा सङ्क्रमित भेटिने जारी छ। मन्त्रालयका अनुसार काठमाडौंमा १ हजार एक सय १३ जनासहित उपत्यकामा एक हजार तीन सय ५७ जनामा कोभिड-१९ पुष्टि भएको हो।

**अरू तथ्याङ्क के छ ?**

मन्त्रालयका अनुसार विगत २४ घण्टामा दुई हजार दुई सय ६४ सङ्क्रमित कोरोनाभाइरसमुक्त प्रमाणित भएका छन्। पुष्टि भएका सङ्क्रमितमध्ये अहिलेसम्म १ लाख ३१ हजार दुई सय २२ जना निको भइसकेका छन्। निको हुने दर ७६.९ प्रतिशत छ।

अहिले देशभरि ३८ हजार पाँच सय ८४ सङ्क्रमित घर तथा संस्थागत आइसोलेशनमा छन्। काठमाडौंमा १६ हजार आठ सय ९० जनासहित उपत्यकामा २० हजार तीन सय ४४ सक्रिय सङ्क्रमित छन्। तीमध्ये १४ हजार चार सय ७७ जना घरमै भएको मन्त्रालयले जनाएको वीवीसीमा खबर छ।

यसैबीच मोरङका विभिन्न अस्पतालमा पछिल्लो १२ घण्टाको अवधिमा थप छ जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भएको छ। यसरी मृत्यु हुनेहरुमा नोबेल शिक्षण अस्पताल विराटनगरमा चार, विराट मेडिकल कलेज बूढीगङ्गामा एक र म्याक्स इन्टरनेसनल हस्पिटल एवं ट्रमा सेन्टर विराटनगरमा एक जनाको मृत्यु भएको हो।

नोवेल शिक्षण अस्पतालमा मोरङको उर्लाबारीकी ६६ वर्षीया महिला, झापा बिर्तामोडका ७५ वर्षीय वृद्ध, मोरङ सुन्दरहरैंचा नगरपालिका-१० की ६९ वर्षीया महिलाको आज मृत्यु भएको अस्पतालका प्रवन्धक नारायणप्रसाद दाहालले जानकारी दिए।

इटहरीका ४३ वर्षीय पुरुषको नोवेल शिक्षण अस्पताल अगाडि शुक्रबार एम्बुलेन्समा नै मृत्यु भएको छ। मृतक कोरोना पोजेटिभ देखिएपछि उपचारका भर्ना हुन अगाडि नै मृत्यु भएको प्रबन्धक दाहालले बताउनुभयो। विराट शिक्षण अस्पतालमा विराटनगर-३का ६५ वर्षीय पुरुषको मृत्यु भएको छ। मृतक यही कात्तिक ६ गते उपचारका लागि भर्ना भएको आइशोलेसन प्रमुख सुनिल देवले जानकारी दिए। यस्तै, म्याक्स ट्रमा सेन्टर विराटनगरमा उदयपुरकी ४२ वर्षीया एक महिलाको मृत्यु भएको छ। मृतक उपचारका लागि शुक्रबार अस्पतालमा भर्ना भएको प्रबन्धक हेमनारायण मेहताले बताए। प्रदेश नं १ मा अहिलेसम्म कोरोना सङ्क्रमणबाट एक सय ९२ जनाको मृत्यु भएको छ।

# बालिकालाई करणी गर्ने दुई जना पक्राउ

**इलाम, कात्तिक १५।** १३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा माईजोगमाई गाउँपालिका-५ बस्ने २० वर्षीय सचिन राईलाई प्रहरीले पक्राउ गरेको छ।

राईले ती बालिकालाई ललाई फकाई सोही ठाउँस्थित लोक्साङ जंगलमा लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय नयाँबजारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

त्यस्तै धनुषाकी ९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा जनकपुर उपमहानगरपालिका-७ भमरपुरा चोक डेरा गरी बस्ने भारत सितामढी थाना बथनाहा ग्रामपञ्चायत भुतही-५ हरीबेला घर भएका ५१ वर्षीय वीरेन्द्र साहलाई प्रहरीले पक्राउ गरेको छ।

साहले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी जिरोमाईलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

# दुर्घटनामा घाइते महिलाको मृत्यु

**दमक, कात्तिक १५।** गुडिरहेको मोटरसाइकलबाट अचानक खसेर घाइते भएकी गौरीगञ्ज गाउँपालिका-५की ६५ वर्षीया पूर्णसरी ताजपुरियाको उपचारको क्रममा मृत्यु भएको छ।

मोरङको रतुवामाई नगरपालिका-५ लारिकट्टाको भित्री सडकखण्डमा को ३७ प २२३२ नम्बरको मोटरसाइकलमा सवार ताजपुरिया अचानक खसेको र उनको विराटनगरस्थित गोल्डेन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय गौरीगञ्जले जनाएको छ।

प्रहरीले दुर्घटनामा ती महिला सवार मोटरसाइकल र चालक मोरङ रतुवामाई-५ का २४ वर्षीय धर्मानन्द ताजपुरियालाई नियन्त्रणमा लिई कारवाही अगाडि बढाएको जनाएको छ।

# आमालाई कुटपिट गरेको अभियोगमा पक्राउ

**सिरहा, कात्तिक १५।** आफ्नै आमा ८५ वर्षीया सुदामा देवी साहलाई कुटपिट गरी घाइते बनाएको अभियोगमा कर्जन्हा नगरपालिका-३ खैरा टोल बस्ने ४७ वर्षीय राम अवतार साह सोनारलाई प्रहरीले पक्राउ गरेको छ।

घरायसी झैझगडाको कारण सोनारले मंगलबार आफ्नै आमालाई कुटपिट गर्दा गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बन्दीपुर सिरहाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

# सिस्ने कृषि सहकारीको नवौं सभा

**अर्जुनधारा, कात्तिक १५।** अर्जुनधारा-१ स्थित सिस्ने कृषि सहकारी संस्थाको नवौं वार्षिक साधारण सभा सम्पन्न भएको छ।

संस्थाका अध्यक्ष बुद्धिसागर ढुंगेलको अध्यक्षता तथा अर्जुनधारा-१वडा समितिका अध्यक्ष गजाधर खतिवडाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो। कार्यक्रममा संस्थाको गत आर्थिक वर्ष २०७६/०७७ को प्रगति प्रतिवेदन अध्यक्ष ढुंगेलले र लेखा समितिको प्रतिवेदन समितिका संयोजक इन्द्रमणि ढकालले प्रस्तुत गरेका थिए।



प्रस्तुत प्रतिवेदनमा संस्थाको शेयर पुँजी १४ लाख एक हजार ८० रुपैयाँ, बचत १० लाख ९३ हजार एक सय ६१ रुपैयाँ ९० पैसा, कर्जा लगानी २४ लाख ३८ हजार सात सय ५० रुपैयाँ, जगेडा कोष एवम् अन्य कोषमा एक लाख ४२ हजार छ सय ३२ रुपैयाँ ९९ पैसा, कर्जा जोखिम कोषमा दुई लाख ५६ हजार सात सय ७५ रुपैयाँ उल्लेख गरिएको छ। त्यसैगरी गत आर्थिक वर्षमा आठ लाख ६५ हजार ४४ रुपैयाँ ४१ पैसा बराबरको आर्थिक कारोबार गरेको संस्थाको खुद नाफा ६५ हजार आठ सय ६२ रुपैयाँ ८८ पैसा उल्लेख गरिएको छ।

कार्यक्रममा नगर सामाजिक विकास तथा सहकारी शाखा प्रमुख सुमित मगर, नमूना बजार व्यवस्थापन समितिका अध्यक्ष टीकाराम पौड्याल, हाम्रो स्वावलम्वी महिला उद्यमी सहकारी संस्थाकी उपाध्यक्ष विष्णुमाया खतिवडा लगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रममा साधुटार कृषि सहकारी संस्थाका अध्यक्ष नगेन्द्र काफ्ले, हचुमासा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष युवराज लोहार, खुदुनाबारी-अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समितिका कोषाध्यक्ष रुद्रकुमार श्रेष्ठ लगायतको सहभागिता रहेको थियो।

सोही सभाले आगामी तीन वर्षे कार्यकालको लागि पुनः बुद्धिसागर ढुंगेलको अध्यक्षतामा नौ सदस्यीय सञ्चालक समिति गठन गरेको छ। नवगठित समितिको उपाध्यक्षमा उपेन्द्र बस्नेत र सदस्यहरुमा कुमार बस्नेत, कृष्णबहादुर लोहार, तुलसा पोखरेल, मकरध्वज एक्तेन, रामबहादुर कार्की, विष्णुलाल ढकाल र सिर्जना अधिकारी चयन भएका छन्। त्यस्तै रामबहादुर कार्कीको संयोजकत्वमा डम्बर प्रसाईं र बेनुकुमार राई सदस्य रहेको ऋण समिति तथा इन्द्रमणि ढकालको संयोजकत्वमा श्रीप्रसाद नेपाल र सुवासचन्द्र मिश्र सदस्य रहेको लेखा समिति गठन गरेको बताइएको छ।

समितिका उपाध्यक्ष उपेन्द्र बस्नेतले स्वागत गरेको कार्यक्रमको सञ्चालन व्यवस्थापक डीबी दर्नालले गरेका थिए।

## लागेन ...

मयुरको लिंगो बोकेर छुट्टाछुट्टै समूहमा मेलामा प्रवेश गरी भगवती पीठ परिक्रमा गर्दछन्। अनि एक निश्चित ठाउँमा लिंगो गाडी त्यसैलाई केन्द्र मानेर आफ्नो नृत्यकला प्रदर्शन गर्दछन्।

विशेषतः उनीहरू बढी मात्रामा हात र खुट्टाको चाललाई प्रयोग गर्दछन्। साथै केही समूहले गाइजात्राको प्रतिनिधित्व गर्दछन् भने कोही कालीको शक्ति आफूमा चडेको देखाउन कोर्रा, लट्ठीको सहजरूपमा सामना गर्दछन्।

मट्टितेल मुखमा हाली आगोको लप्का निकाल्ने, माटोमा टाउको गाड्ने, मान्छे माथि मान्छे चढ्दै दुई, तीन तहको घेरा बनाई नृत्य गर्ने, सयौं कोर्रा सहने आदि यस जातिगत नृत्यका केही डरलाग्दा रोमाञ्चक आश्चर्यजनक दृश्यहरू हुन्। त्यस समयमा आफूहरूलाई कालीको शक्ति चढेको हुनाले खासै असर नहुने जेठा सन्थालले बताए। अरू जातिको भन्दा पृथक शैली, प्रस्तुति र आश्चर्यजनक दृश्य भएकोले नै यस नृत्य मनमोहक र मनोरञ्जनपूर्ण हुने गर्दछ।

## बृद्धको ...

पहिलोपटक संक्रमितको मृत्यु भएको हो। कोरोना भाइरसको संक्रमणका कारण छठ समाज सेवा समिति बिर्तामोडका सदस्यद्वय तथा कस्मेटिक व्यवसायी मनोज चौधरी र सञ्जय चौधरीले बाबु कपुरचन्द चौधरीलाई सदाका लागि गुमाएका हुन्।

कोरोना संक्रमणका कारण सिकिस्त विरामी परेका कपुरचन्दको ६५ वर्षको उमेरमा विराटनगरस्थित नोबेल हस्पिटलमा उपचारका क्रममा ज्यान गएको हो। चौधरी परिवारमा परेको चोटप्रति बिर्तामोडको व्यवसायिक क्षेत्रले दुःख व्यक्त गरेको छ।

## जुवातास ...

पक्राउ गरेको हो।

महोत्तरी, मनराशिश्वा नगरपालिका-७ बाँसघारीबाट कौडा खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ४० वर्षीय बिनोदकुमार साह समेत ३ जनालाई नगद ३ लाख ३२ हजार ९ सय ६० रुपैयाँ र ९ थान कौडासहित प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट सलपल्लो र इलाका प्रहरी कार्यालय बलवाबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो। साथै खेलमा संलग्न अन्य फरार व्यक्तिको प्रहरीले खोजी गरिरहेको छ।


**अर्जुनधारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल**

**बोलपत्र आव्हानको सूचना**

यस कार्यालयबाट मिति २०७७।०६।१२मा प्रकाशित सूचना अनुसार निम्न बमोजिमको सेवा उपलब्ध गराउने कार्यका लागि बोलपत्र आव्हान भएकोमा दर्ता भएका बोलपत्रहरु मूल्यांकन हुँदा तल उल्लेख भए बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम् मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही रहेकाले सार्वजनिक खरिद ऐन, २०६३को दफा २७को उपदफा २ बमोजिमको निर्णयानुसार सोही ऐनको दफा ४७को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | सेवाको विवरण | स्वीकृत हुने बोलपत्रको नाम | कबोल अंक (भ्याटबाहेक) |
|---|---|---|---|
| १ | Digitization Service of Vital Event Registration Application Form | श्री राजदेवी इञ्जिनियरिङ कन्सलटेन्सी प्रालि, काठमाडौं | रु. ४,६९,०२६।- (चार लाख उनान्सत्तरी हजार छब्बीस रुपैयाँ मात्र) |

बिनोद खनालः सूचना प्रविधि अधिकृत



**आकर्षक घडेरी बिक्रीमा**

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरा टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन्।

सम्पर्क : ९८५११४४९४९



शुभ दशैं

'भौतिक दूरी कायम गर्दै मास्क र ह्यान्ड सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बाँचौं र अरूलाई पनि बचाउँ'

विजय दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४० तथा छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, कर्मचारी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

ठकुरानी काफ्ले : सचिव   भानु श्रेष्ठ : अध्यक्ष

एवम् नमूना सामुदायिक वन उपभोक्ता समूह परिवार

अर्जुनधारा नपा-९, झापा



**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस्।



**GREEN FIELD WORLD SCHOOL**
Birtamode-1, Jhapa, Nepal



**Admission Open**
From
Nursery to Grade IX

Ph. : 023-542208, Email : greenfieldworldschool@gmail.com,
www.greenfieldworldschool.edu.np



**लक्ष्मी क्याम्पस निर्माण उपभोक्ता समिति**
कचनकवल-६, बनियानीको

**बोलपत्र आव्हानको सूचना**

यस लक्ष्मी क्याम्पस कचनकवल-६ बनियानीको भवन निर्माण कार्यका लागि निम्न सामग्रीको आवश्यकता भएकोले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र स्थानीय व्यवसायीले आफ्नो व्यवसायको लेटरप्याडमा मूल्यसूचीसहित पेश गर्नु हुन यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

निम्नः
१) रड  २) सिमेन्टOPC, PPC  ३) इँटा  ४) बालुवा
५) ढुंगा  ६) गिटी  ७) माटो (पुरुवा)

सम्पर्कः लक्ष्मी क्याम्पस, कचनकवल-६
लक्ष्मी क्याम्पस निर्माण उपभोक्ता समिति



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# आधारभूत स्वास्थ्य सेवामा अर्जुनदृष्टि

**नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनेर स्पष्ट व्यवस्था गरेको छ । तर, संविधानमा उल्लेख गरिएको कुरा व्यवहारमा लागू हुन सकेको छैन । नेपाल सरकारको प्राथमिकताका बाबजुद नेपालमा आधारभूत स्वास्थ्य सेवाको स्थिति राम्रो छैन । पछिल्लो समय सरकारले सर्वसाधारणको स्वास्थ्य बीमासम्बन्धी योजनाले रोगको उपचार गर्न अक्षम सर्वसाधारणले घरमै पीडा सहेर बस्नुभन्दा थोरै रकमको बीमामै कतिपय रोगको उपचार कम रकम वा सित्तैमा गर्न सक्ने आशा चाहिँ दिलाएको हो ।**

**नेपाल स–साना स्वास्थ्य सेवाका समस्यामा जुझिरहेको छ, तर संसार भने अति आधुनिक प्रविधिको प्रयोगले विष्मयकारी सफलता हात पार्दै गएको छ स्वास्थ्य क्षेत्रमा । विकसित देशहरुले उपचारको सहजतासँगै दुःसाध्य रोगलाई दूर गरेका छन् । तिनीहरु नवीनतम् खोजमा व्यस्त छन् भने नेपालमा सर्वसाधारण स–साना भनिने रोगहरुबाट मृत्युको मुखमा पुगिरहेका छन् । खोप कार्यक्रम, स्वास्थ्य संस्थामा सुत्केरी गराउन पुग्नु, स्वास्थ्य संस्थामा सर्वसाधारणको पहुँच वृद्धि हुनु, सरकारी तथा गैरसरकारी संस्थाको सकारात्मक भूमिका लगायतका कारणले अवस्थामा सुधार हुँदै गए पनि आशातित प्रगति भएको छैन । समाज हुने खाने र हुँदा खानेमा विभक्त छ । हुने खानेहरु, पहुँचवाला र सम्पत्तिवालाहरुका लागि महंगा अस्पताल छन् । स्वदेशमा उपचार सम्भव नभए विदेशका महंगा अस्पतालमा उपचार गर्ने उनीहरुको क्षमता छ । राज्यकोषको दोहन गरेरै भए पनि राजनीतिक नेतृत्व, उच्च पदस्थ कर्मचारी, ठूला पूँजीपतिहरु महंगा अस्पतालमा उपचार गर्छन् । तर, बिहान के खाउँ, बेलुका के खाउँ समस्याका भुइँमान्छेहरु रोग लागेपछि बाँचिने आशा मार्न अभिषप्त छन् । जनताको स्वास्थ्यको जिम्मा राज्यले कहिले लिने हो ? यो प्रश्न अनुत्तरित रहँदै आएको छ ।**

**जनस्वास्थ्यको अवस्था र आम नागरिकको स्वास्थ्य स्थिति सुधारका लागि नीतिगत योजना निर्माणमा राज्य लाग्न आवश्यक छ । सानो अर्थतन्त्रको मुलुक भएर पनि र ठूला देशहरुको दबाबको सामुन्ने क्युबा स्वास्थ्य क्षेत्रमा राम्रो प्रगति गरेको मुलुकमा पर्दछ । कोभिड–१९ को महामारीसँग जुध्न क्युबाली स्वास्थ्यकर्मीले संसारका विभिन्न मुलुकमा अति प्रशंसनीय भूमिका खेले । राज्यको सकारात्मक नीति र राजनेताको प्रबल इच्छाशक्ति कै कारण क्युबाले स्वास्थ्य क्षेत्रमा यति ठूलो प्रगति गर्न सकेको हो । हाम्रो पहिलो अर्जुनदृष्टि आधारभूत स्वास्थ्य सेवामा केन्द्रित हुन जरुरी छ । राज्यको नीति स्पष्ट भएमा मात्र मुलुकले दिशाबोध गर्ने हो । आधारभूत सार्वजनिक शिक्षा र स्वास्थ्यलाई सुधार्न सके हाम्रो देश समृद्ध हुन समय लाग्दैन । संविधानले दिशानिर्देश गरेको मार्गमा राज्यले आफ्ना संकल्प र योजनाहरु निर्माण गर्न जरुरी छ ।**

# नेपाली सेना : पृष्ठभूमि र संलग्नता



वेणुप्रसाद अधिकारी

**पृष्ठभूमि :**

नेपाली सेनाको इतिहासलाई केलाउँदा कहिलेदेखि आरम्भ भएको हो भनी यकिनका साथ खुल्न आएको छैन। तथापि विभिन्न कालखण्डमा भएका र गरिएका खोज तथा अनुसन्धानबाट यसको इतिहासलाई प्रष्ट्याउने काम भएको छ। नेपालको गौरवशाली संगठन मध्येको एक संगठन नेपाली सेना एसियाकै सबैभन्दा पुरानो संस्था हो। देशको इतिहाससँगै नेपाली सेनाको इतिहास थालनी भएको पाइन्छ। प्राचीनकालका तीन प्रकारका सेनाहरुमा मध्यकालसम्म आइपुग्दा राजनीतिक तथा शैक्षिक परिवर्तनसँगै स्थायी सत्तामा जनसहभागिताको आधारमा एक राज्यको युवालाई आवश्यकता अनुसार परिचालन गर्ने प्रथा देखापरेको थियो। यस कालमा स्थायी सेना नराखी जनसहभागिताको आधारमा राज्यको सुरक्षा गर्ने काम हुन्थ्यो। युवालाई तात्कालीन हतियारहरु भाला, तरवार, खुकुरी, खुँडा, धनुषवाण आदिको प्रयोग गर्ने तालिम दिने गरिएको थियो। हतियार नहुनेहरुलाई मन्दिर र गुठीहरुमा भएका हतियारहरु दिएर तालिम दिलाइथ्यो। यस कालमा आपसी राजपरिवारको कलह, सामन्तहरुको विद्रोह, विभाजित राज्यहरुबीचको युद्धहरु र विदेशी आकर्मणले गर्दा सैनिक संगठनलाई अझ बढी दह्रो बनाइएको थियो। यसपछि आएर मुलुकमा सेनाको संगठन आवश्यक देखेर तत्कालीन राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्न एक स्थायी सेना संगठनको निर्माण गरि गोर्खाली सैनिकको स्थापना गरेका थिए। यसै बेलादेखि नेपालमा संस्थागत रुपमा सेनाको स्थापना भएको मानिन्छ।

**विषय प्रवेश :**

नेपाली सेनाको इतिहासका विषयमा प्रष्ट्याउनुपर्दा युगकालीन इतिहासबाट नै स्पष्ट हुन् उचित ठानिएको छ। यसलाई युगकालीन समयको पावन्दीमा रहेर यहाँ चर्चा-परिचर्चा गरिएको छ। प्राचीन नेपाली सेनामा पैदल, घोडचडी र हात्तीहरु मात्र थिए । पाचौं शताब्दिमा पश्चिममा गण्डकी पारीका विद्रोही सामन्तहरुलाई दबाउन पैदल र हात्ती सेनाहरु प्रयोग गरेको पाइन्छ भने आठौँ शताब्दिमा आएर नेपाली घोडचडी फौजले उत्तर भारतमा आफ्नो बेजोड पुरुषार्थ देखाएका थिए। कुनै समयमा युद्धमा नेपाली सेना (आयो गोर्खाली)भनी अघि बढ्दा कुन शत्रुको मुटु कम्पन हुँदैन थियो होला र ? यो नेपाली सेनाको इतिहासको वास्तविकता र गौरव हो। नेपाली सेनाले सरकारको आदेश पालना गरी उनीहरु राष्ट्रप्रति लगनशील, वफादार, राष्ट्रभक्त र कर्तव्य परायण भई यीनले उच्चतम् यश र कृति कमाएका छन्। सेना स्थापनाको विषयलाई लिएर धेरैको भिन्न-भिन्न मतमतान्तर भएता पनि धेरैको एकै धारणा रहेको पाइन्छ। विशेष त नेपालमा सेनाको इतिहास गोरखाका राजा पृथ्वीनारायण शाहको नेतृत्वमा नेपाल एकीकरण गर्ने अभियान शुरु भएपश्चात स्थायी सेनाको आवश्यकता महशुस भएको देखिन्छ।

इतिहासविद् डा. प्रेमसिंह बस्न्यातका अनुसार वि.सं.१६१६ मा गोरखा राज्यको स्थापनासँगै नेपाली सेनाको स्थापना भएको बताएका छन्। बलियो सैनिक संगठन बिना एकीकरण सम्भव हुँदैन भन्ने भएपछि पृथ्वीनारायण शाहले सैनिक संरचना विकासका लागि बाह्य देशबाट हतियार र प्रविधि भित्र्याई गोरखाली सेनाका रुपमा गोरखामा सेना संगठित गरियो। त्यसताका अर्थात् वि.सं.१८१९मा पृथ्वीनारायण शाहले ५ कम्पनीहरु (श्रीनाथ, पुरानो गोरख, काली वक्स, वार्दवाणी र सवुज) स्थापना गरेका थिए। यो काम नेपाली सैनिक इतिहासमा विभिन्न पक्षबाट कोशेढुंगा सावित भएको छ। वि.सं. १६१६ (सन् १५५९) मा भगिरथ पन्तको नेतृत्वमा खडा भएको गोर्खाली सेनाले परम्परागत रुपमा सैनिक व्यवस्था कायम गरी आएको दुई सय तीन वर्षपछि मात्र नेपाली (गोरखाली) सेनामा पहिलो पटक पाश्चात्य पाराको एक सय नाल हतियारसहितको सय जना रहने गरी कम्पनी खडा भएको थियो। जनसहभागितामा खडा गरिएको सेनाभन्दा स्थायी रुपमा खडा गरिएको सेना बढी प्रतिभाशाली र प्रभावशाली देखिन थालेपछि सोही नीति अनुरुप कान्तिपुरका राजा जयप्रकाश मल्ल र गोरखाका राजा पृथ्वीनारायण शाहले यो नीति अवलम्वन गरेका थिए।

सन् १७४४ मा गोर्खाली फौजले नुवाकोट तथा छिमेकी राज्य कान्तिपुरमाथि कब्जा गरेपछि गोर्खाली फौजलाई शाही नेपाली सेनाका रुपमा चिनिन थालियो। उनीहरुको वीरता, स्वामी भक्ति र साधारणपनाबाट शत्रु पनि प्रभावित हुन पुगे। यसैको फलस्वरुप ब्रिटिस इण्डिया कम्पनीले आफ्नो सेनामा नेपाली गोर्खाली सेनाको भर्ती शुरु गऱ्यो र अहिलेसम्म पनि गोर्खाली सेनाले नै चिनिँदै आएका छन्। उनीहरु यिनलाई ग्रुखाज भन्दछन्। भारत र ब्रिटेनमा रहेका गोर्खाली सेना बिदेशी सैनिक संगठनका हिस्सा हुन्, जसमा नेपाली युवालाई भक्ति गरिन्छ। जुन १७४४ देखि स्वतन्त्र, सार्वभौम, रहिरहेको छ, जहाँ कहिले पनि औपनिवेशिक शक्तिलाई छिर्न नदिनु नेपाली सेनाको सबैभन्दा ठूलो सफलता हो। सन् १९६५ को भारत-पाकिस्तान युद्ध फकल्याण्डको रणभूमि इराक तथा अफगानिस्तानको युद्धमा समेत नेपाली सेनाले सराहनीय भूमिका खेलेका थिए। यिनले नेपालीलाई वीर गोर्खालीको नामले विश्वमा चिनाएका छन्। ब्रिटिस गोरखा फौजबाट विभिन्न युद्धमा अतुलनीय साहस र बहादुरी प्रर्दशन गरेको हुँदा ब्रिटिस साम्राज्यले अति गौरवमय तक्मा भिक्टोरिया क्रस प्रदान गरेका थिए।

नेपाली सेना दक्षिण एसियाकै सबैभन्दा पुरानो सेना हो । यसका संस्थापक पृथ्वीनारायण शाह हुन् । महाशिवरात्री पर्वको दिन यीनकै कमाण्डरमा पहिलो सैनिक संरचना बनेको इतिहास छ। आजसम्म पनि यही दिनलाई आफ्नो स्थापनाको दिन मानेर नेपाली सेनाले आफ्नो स्थापना दिवस मनाउँदै आएको छ। हाल नेपालमा झण्डै एक लाखको हाराहारीमा सेनाको संख्या पुगेको छ। माओवादी द्वन्द्वकालमा विद्रोहको शुरुवात भएपश्चात केही जनशक्ति नेपाली सेना तथा नेपाली प्रहरीका लागि नेपाल सशस्त्र प्रहरी बल बनाइएको थियो । केही सेना नेपाल सशस्त्र वन संरक्षकको फोर्समा समेत जाने गरेका छन्। यसको प्रधान कार्यालय (नेपाली जंगी अड्डा) काठमाडौंको भद्रकालीमा रहेको छ। यसका पृतना कार्यालयहरु इटहरी, हेटौडा, उपत्यकामा सिंहदरवार, पोखरा, दिपायल र सुर्खेतमा रहेका छन्। त्यसैगरी नेपाली सेनाका गण, वाहिनी र गुल्महरु देशका विभिन्न भागहरुमा रहेका छन्। नेपाली सेनाको सञ्चालन तथा शुरूवात तत्कालीन पृथ्वीनारायण शाह हुँदै ११औं पुस्ताका राजा ज्ञानेन्द्र



शाहको पालामा राजतन्त्रको अन्त्य भएसँगै सेना पनि राजाबाट जनताको नियन्त्रणमा आएको मानिन्छ। वाह्य तथा आन्तरिक द्वन्द्व बाहेक नेपाली सेनाले विकास निर्माण, राष्ट्रिय सम्पत्तिको सुरक्षा र विपदमा उद्धारको काम समेत गर्दै आएका छन्।

**आन्तरिक र वाह्य युद्धमा नेपाली सेना :** आन्तरिक र वाह्यरुपमा नेपाली सेनाले धेरै युद्धहरु लड्दै आएका कयौं इतिहासहरु हाम्रासामु प्रष्टरुपमा देखापरेका छन्। चाहे आन्तरिक या वाह्य नै किन नहुन् यी युद्धमा नेपाली सेनाले देखाएको वीरता र बहादुरीको सबैका मुक्तकण्ठबाट खुलेर नै प्रसंशा गर्नुपर्दछ। राष्ट्रको वैभव, गौरव र साहस नेपाली सेनाको भौतिक पहिचान हो। नेपाल राष्ट्रको अखण्डता स्वाधीनता र सार्वभौम नेपाली जनताको आस्थाको पहिचान र धरोहरको रुपमा कायम राख्न नेपाली सेना अहोरात्र खटिरहेको छ। नेपाली सेना बहुआयामिक भएकाले यिनले देश सुरक्षादेखि लिएर अन्य विकास निर्माणका काममा समेत उल्लेखनीय भूमिका निर्वाह गर्दै आएका छन्।

**देश रक्षाका लागि लडेका युद्धहरु :** देश रक्षाका लागि १७६३ मा मिरकाशिमविरुद्ध मकावानपुरको युद्ध लडेका थिए। त्यसबेला मकावानपुर गडी नेपालका लागि सदैव रणनीतिक महत्वको स्थान थियो। उक्त युद्धमा नेपाली सेनाले मिरकाशिमका फौजबाट पाँच सयभन्दा बढी राइफल, दुई तोप हात पारेर चार वटा गुल्म बनाएको थियो। त्यसपछि सेनाले त्यहाँ गोरखा गुल्म समेत खडा गर्न सफल भयो। नेपाली सेनाले बनाएको यहीं पहिलो संगठनबाट नै विदेशी सेनासँग लड्ने अवसर प्राप्त भयो।

**कप्तान किनलोकविरुद्ध पौवागडीको युद्ध (वि.सं. १८२०) :** कान्तिपुरका राजा जयप्रकाश मल्ल एकीकरण गर्दै अगाडि बढिरहेको गोरखाली शक्तिविरुद्ध उनलाई सहयोग गर्ने बिदेशी शक्तिको खोजीमा थिए। यसै बखत (सन् १८१४ देखि १८१६ सम्म) नेपाल अंग्रेज युद्ध त्यसबेलाको नेपाल अधिराज्य र इष्ट इण्डिया कम्पनीबीच भएको थियो। जुनबेला नेपाल अंग्रेजबीच सुगौली सन्धी भएको थियो। त्यसबेला नेपालले आफ्नो एक तिहाई भूःभाग बेलायतलाई सुम्पनु परेको थियो। यस युद्धलाई एङ्ग्लो-नेपाल युद्ध (१८१४-०१६)पनि भनिन्छ। यस युद्धमा नेपालमाथि ब्रिटिस इष्ट इण्डिया कम्पनी सरकारले मोरङ, मकवानपुर, बुटवल, अल्मोडा, कुमाऊ, नाहन, जैथक, मलाऊ, देउथल तथा नालापानीमा आक्रमण गरेका थिए। नेपालको तर्फबाट यस युद्धमा अमरसिंह थापा, काजी बलभद्र कुँवर, सरदार भक्ति थापा, काजी उजिरसिंह थापा, काजी वंशराज गुरुङहरुले लडेको युद्धको अंग्रेजले पनि उनीहरुको वीरताको तारिफ गरेका थिए।

**पहिलो नेपाल–तिब्बत युद्ध :** तिब्बत नेपालका लागि ऐतिहासिक कालदेखि नै राम्रो बजार थियो। नेपाली व्यापारीले तिब्बतसँग राम्रो व्यापारिक सम्बन्ध राखेका थिए। दुबै देशका सिक्का दुवैतिर बराबरी चल्दथ्यो। तर पछि मल्ल राजाहरुले काठमाडौं एकीकरण गरेपछि तिब्बतले शुद्ध चादिँको सिक्का नपठाएर मिसावटी सिक्का पठाउन थालेका थिए। सन् १८८८ मा राजेन्द्र लक्ष्मीले समस्या समाधानका लागि स्यामर्पा लामा र उनका १४ चेलालाई नेपालमा सरण दिनुपर्ने भएपछि यो घटना घट्न गएको थियो। नेपालमा तिब्ब्तबाट नुन आउने गर्दथ्यो। तर, कमसल नुन आउन थालेपछि नेपालले दिएको चेतावनीको बवस्ता गरेपछि नेपालीहरुले तिब्बतका थुप्रै ठाउँहरुमा आक्रमण गरेका थिए।

**अन्तिम नेपाल–चीन युद्ध :** प्रधानमन्त्रीको रोलक्रम बनाउने राणा प्रधानमन्त्री जंगबहादुर राणाको उदयपछि नेपालमा राजनीतिक स्थायित्वको अवस्था आएको थियो। उनी शक्तिमा आएपछि निरन्तररुपमा सेना विस्तार र विकासमा लागिरहे। उनी मानसिकरुपमै तिब्बतसित युद्ध गर्ने लडाइँका लागि तयारी गर्न थाले। दोस्रो नेपाल-चीन युद्धपछि भएको वेत्रावती सन्धि अपमानपूर्ण र अहितकारी भएकाले उनी राष्ट्रिय गौरव फर्काउन चाहन्थे। चीन र ब्रिटेनमा सेना राख्न सफल भएपछि १४ हजार सेना भर्ती गर्न उनी सफल भएका थिए। यो युद्ध गुन्तागढ़ी केरुङमा भएको थियो। यस युद्धमा नेपाल विजयी भई थापाथली सन्धी भएको थियो। वाह्य युद्धहरुमा वि.सं.१९१० तिर भारतीय सिपाही विद्रोह दमन, वि.सं.१९७१-१९७५ सम्म प्रथम विश्व युद्ध, वजरी स्थानको लडाइँ, वि.सं.१९७३ मा अफगान युद्ध अंग्रेज पक्षमा, वि.सं.१७९७-२००१ सम्म दोस्रो विश्वयुद्ध, वि.सं.२००५ मा हैदरावाद समनमा लडाइँ र वि.सं.२०१५ मा संयुक्त राष्ट्र संघीय शान्ति सेनामा नेपाली सेनाहरुको संलग्नता रहेको थियो। यी युद्धका अलावा आन्तरिक रुपमा वि.सं.२०३१ सालमा मुस्ताङमा खम्पा विद्रोह र वि.सं.२०५० देखि २०६२ सालसम्मको माओवादी विद्रोह नियन्त्रण गर्न नेपाली सेनाले देखाएको भूमिका पनि त्यतिकै महत्वपूर्ण छ।

**शान्ति सेनामा नेपाली सेना :** विश्वका धेरै राष्ट्रहरुमा नेपाली सेनाले आफ्नो युद्ध कौशललाई प्रदशन गर्ने थुप्रै अवसरहरु प्राप्त गरेका छन्। विश्वका ११ मुलुका १४ वटा मिसनमा पाँच हजारभन्दा बढी नेपाली सेनाहरु खटिरहेका छन्। लगभग २३ हजारको हाराहारीमा संसारका विभिन्न द्वन्द्वग्रस्त तथा युद्ध भएका ४२ वटा मिसनमा नेपाली सेनाहरुको सहभागिता रहेको छ। नेपाली सेनाले विश्वशान्तिका लागि विशिष्ट योगदान पुऱ्याइरहेका छन् । विश्वशान्ति सैनिक पठाउने मुलुकहरुको सूचीमा नेपाल पाचौं वरियतामा रहेको छ। सन् १९५८ देखि नेपाली सेनाले संयुक्त राष्ट्र संघीय शान्ति स्थापना कार्यमा निरन्तर सहभागिता र योगदान पुऱ्याउँदै आएको छ।

**विकास निर्माणमा नेपाली सेना :** नेपाली सेनाले विगत केही बर्ष अघिदेखि नै विकास निर्माणका कामहरु मध्ये खासगरी सडक निर्माणका कामहरु गर्दै आएको छ। नेपालको संविधान २०७२ को धारा २६७ को उपधारा ४ मा नेपाली सेनालाई विकास निर्माण र विपद् व्यवस्थापनमा पनि लगाउन सक्ने भन्ने उल्लेख भएको छ। यसै क्रममा नेपाली सेनाले २७ वटा सडक र ३० वटा पुल निर्माण गर्न आयोजनाको काम जिम्मा लिई काम गर्दै आएको छ। नेपाली सेनाले सडक निर्माणका क्रममा काठमाडौं तराई द्रूत मार्ग (७६.२ कि.मि.), कर्णाली करिडोर (१९६ कि.मि.), जाजरकोट डोल्या सडक (११८ कि.मि.), काली गण्डकी करिडोर (७६ कि.मि.), वेनीघाट, आरुघाट, लार्के भन्ज्याङ (११८ कि.मि.) आदि सडकहरु निर्माण गरिरहेकेको छ। जनतासँग सम्बन्ध प्रगाढ बनाउने उद्देश्यले नेपाली सेनाले रोल्पामा विकास निर्माणको काममा स्थानीयबासीको सहकार्यमा सक्रिय सहभागिता जनाएको छ। यो एउटा नेपाली सेनाको जनतासँगको सक्रिय सहभागिताको प्रतिनिधि विकास निर्माणको उदाहरण हो। विकास निर्माणका लागि झण्डै एक हजार सेना परिचालन गरिएको छ।

**विपद् व्यवस्थापनमा नेपाली सेना :**

कुनै स्थानमा आपतकालीन व्यवस्था सिर्जना भई धनजनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पर्ने प्राकृतिक गैरप्राकृतिक विपद् सम्झनु पर्छ । विपद् व्यवस्थापन भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्दछ। विगतदेखि नै नेपाली सेनाले विपद् व्यवस्थापनमा सक्रिय भूमिका निभाउँदै आएको छ। नेपालमा घटेका भू-कम्पनका कारण सृजित विपद्का घडीमा नेपाली सेना अग्रहारमा रहेर उद्धार कार्यमा सरिक रहेका कयौं ज्वलन्त उदाहरणहरु हाम्रासामु स्पष्ट नै छन्। खासगरी वि.सं. १९९०, २०४५, २०७२ का बेला आएको भूकम्पमा नेपाली सेनाको उद्धार कार्यमा अहम् भूमिका रहनुका साथै अग्रपंक्तिमा सक्रिय सहभागिता रहेको छ। त्यसैगरी अन्य विपद् व्यवस्थापनमा हावाहुरी, बाढी, पहिरो, आगलागी आदि इत्यादिमा पनि नेपाली सेना उद्धार कार्यमा अग्रपंक्तिमा नै छ। विपद् व्यवस्थापनमा गैरप्राकृतिक र प्राकृतिक विपद्हरु पर्दछन्। नेपालको सन्दर्भमा विपद् व्यवस्थानको कानून दैविक प्रकोप ऐन २०३९ नै मुख्य प्रावधान हो। यसैमा आधारित रहेर नेपाली सेनाले देशभित्र घटेका दैविक प्रकोपमा सराहनीय र उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ। नेपाल भूकम्प र बाढीबाट बढी क्षति पुग्ने देशहरु मध्ये विश्वमा क्रमसः ११औं र ३०औं स्थानमा पर्दछ।

**निष्कर्ष :**

नेपालको इतिहासलाई मनन् र अध्ययन गर्दा प्राचीन कालदेखि नै राज्यको सुरक्षार्थ खटिने सशस्त्रसहितको जनशक्ति नै सैनिक शक्ति हो भन्ने धारणाको विकास हुँदै आएको छ। यही मान्यतामा आधारित रही मल्ल, लिच्छवी, किरात, शाह वंशका राज्यहरुमा पनि यी जनशक्तिले राज्यको सुरक्षामा डटेर अघि बढेको इतिहास छ। गोरखाली सेना नै शाही सेना हुँदै हालको नेपाली सेनामा रुपान्तरित भएको हो। यो संगठनले देश तथा विदेशमा समेत ख्याती प्राप्त गरेको छ। यही ख्यातीका कारण आज पनि गोर्खालीहरु भारत, बेलायत लगायत अन्य देशहरुमा समेत सेनामा भर्ती भएका छन्। विश्वमा नेपाली सेनाको वीरता र बहादुरीका कारण विश्वमा नेपाल र नेपालीलाई चिनाउने काम गरेका छन्। सेनाको इतिहासको युग भनेर भन्नुपर्दा वि.सं.१६१६ मा लिगलिगकोटको राज्यमा संगठित सेनालाई स्मरण गर्नु पर्दछ। वि.सं.१७९९लाई मध्यकाल र वि.सं.१८०० देखि यताको समय आधुनिक कालिन इतिहासमा पर्दछन्।

नेपालभित्र टुक्रिएका राज्यहरु मध्ये सबैभन्दा कान्छो राज्य हो गोरखा। यो राज्यको स्थापना वि.सं.१६१६ भाद्र २५ गते स्थापना भएको थियो। यही राज्य स्थापना भएकै बर्ष हालको नेपाली सेनाको स्थापना भएको इतिहासकारहरुको दाबी रहेको देखिन्छ। वि.सं.१६१६ मा लिगलिगकोट राजा द्रव्य शाहले भगिरथ पन्तलाई पहिलो सेनापति बनाई खडा गरेका थिए। यो नै संस्थागत रुपमा सैनिक दलबाट नेपाली सेनाको शुरुवात भएको मानिन्छ। पृथ्वीनारायण शाहको तिलगंगा, नुवाकोटपछि बनेको गोर्खाली सेना प्रधानमन्त्री चन्द्रशमशेर राणाका पालामा नेपाली सेना, राजा महेन्द्रका पालामा शाही सेना, राजा वीरेन्द्रका पालामा शाही नेपाली सेना हुँदै वि.सं.२०६२/२०६३ को जनआन्दोलनदेखि नेपाली सेनाले हालसम्म चिनिँदै आएको छ। समयसापेक्षित यो संगठनले आफूलाई परिवर्तन गरी आजको नेपाली सेना बन्न पुगेको छ। नेपाली सेना बरु प्राण अर्पण गर्न तयार हुन्छ। तर, कहिल्यै पछि हट्दैन। नेपाली सेनाले वि.सं.१६१६ देखि अहिलेसम्म आइपुग्दा चार सय ६० बर्षको लामो वीरताको गाथा बोकेको छ।



# डेस्क सम्पादक ढकाललाई पितृशोक

**बिर्तामोड, कात्तिक १५।** पूर्वाञ्चल दैनिकका डेस्क सम्पादक लक्ष्मण ढकाललाई पितृशोक परेको छ।

ढकालका पिता बिर्तामोड -५ निवासी समाजसेवी परशुराम ढकालको ९९ वर्षको उमेरमा कात्तिक ९ गते आइतवार बिहान १० :१५ मा स्वर्गारोहण भएको हो ।

स्व. ढकालका छ जना छोरा, एक जना छोरी, सात जना नाति, १३ जना नातिनी, तीन जना पनाती, पाँच जना पनातीनि रहेका छन् । स्व. ढकालका छोरा-बुहारीहरुमा स्व. मदन-सावित्रा, मोहन-शिला, लक्ष्मण-दुर्गा, स्व.भरत-भगवती, अरुण-स्व. विमला र सुरेश-तारा ढकाल रहेका छन् । त्यस्तै एक जना छोरी-ज्वाइँ दुर्गा-भिष्म आचार्य रहेका छन् ।

स्व. ढकालका छोराहरुमध्ये मदन झापाका अग्रज पत्रकार हुन् भने उनी पूर्वाञ्चल दैनिकका तत्कालीन प्रधान सम्पादक थिए । मदनको २०७४ साल मंसीर २३ गते स्वर्गारोहण भएको थियो ।

त्यस्तै मोहन बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष लगायत विभिन्न संस्थामा आवद्ध छन् भने बुहारी शिला वीरता लेडी जेसीजकी आजीवन सदस्य हुन् । त्यस्तै सुरेश सजिलो बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष हुन् भने बुहारी तारा सृजनशील बचत तथा ऋण सहकारी संस्थाकी व्यवस्थापक हुन् ।

झापाका समाजसेवी ढकालप्रति पूर्वाञ्चल दैनिक परिवारले भावपूर्ण श्रृद्धाञ्जलि अपर्ण गरेको छ । पूर्वाञ्चल दैनिकका प्रकाशक भरतलाल गिरी, प्रधान सम्पादक एकराज गिरी, व्यवस्थापक चन्द्रकान्त ढकालसहित पूर्वाञ्चल दैनिक परिवारले शोकाकुल ढकाल परिवारजनप्रति धैर्यधारणा गर्ने शक्ति प्राप्त होस् भनी समवेदना ब्यक्त गरेका छन् ।

यौटा सृष्टि विधान रचेर किन हो, जाँदा यहाँ कष्ट भो । रोजी फूल थियो झर्‍यो नियतीले, संहार भो नष्ट भो ।।
हामीलाई दिएर मार्ग पथको, यात्रा सिकाई दियौ । हामीबाट कसोरी झट्ट अहिले, बिदा नमागी गयौ ।।

# हार्दिक समवेदना



**जन्म**
**वि.सं. १९७९ असार १८ गते**
**हाङदेवा, कटहरे, ताप्लेजुङ**

**स्वर्गारोहण**
**वि.सं. २०७७ कात्तिक ९ गते**
**बिर्तामोड–५, झापा**

## स्व. परशुराम ढकाल

पूर्वाञ्चल दैनिकका डेस्क सम्पादक लक्ष्मण ढकाल, तत्कालीन प्रधान सम्पादक स्व. मदन ढकाल, हाम्रा अत्यन्त सहयोगी तथा शुभचिन्तकहरु मोहन, अरुण, सुरेश, दुर्गा ढकाल समेतका प्रातःस्मरणीय पिता, समाजसेवी, दानवीर तथा धार्मिक व्यक्तित्व **श्री परशुराम ढकाल**को ९९ वर्षको उमेरमा गोलोकगमनको घटनाले हामी स्तब्ध एवम् मर्माहत भएका छौं ।

मृत्यु शाश्वत सत्य भए पनि आफूलाई जन्माई, हुर्काई सुयोग्य नागरिक बनाउन कष्टकर परिस्थितिको समेत सामना गरी सन्तानका लागि सतिसाल झैं खडा रहन सक्ने आफ्ना अभिभावकसँगको चिर वियोगको पीडा सहन गर्न त्यति सहज हुँदैन । पूर्वीय दर्शनले हामीलाई आफ्ना बुबा आमा देवता हुन् भन्ने सिकाएको छ, व्यवहारले पनि हामी उहाँहरुकै सृष्टि हौं । हामी ज–जसले माता पितालाई गुमायौं, सबैले जिउँदा देवतालाई गुमाएको पीडाबोधको महशुस गरेकैं छौं । ०६१ सालमा श्रीमती तुलसा, ०६६ सालमा काइँला छोरा भरत, ०७४ मंसीर २३ मा जेठा छोरा मदन र ०७६ मा अन्तरी बुहारी बिमलालाई गुमाउनुको अकल्पनीय र असह्य पीडाबोधकाबीच आत्मबललाई दरिलो बनाउँदै आउनु भएका परशुराम ढकाल अब भौतिकरुपमा हामीमाझ रहनु भएन । तपाईहरुसहित हामी सबै उहाँसँगको चिर वियोगको पीडा सहन बाध्य छौं । अझ यस क्षेत्र कै इतिहास पुरुष, सरल जीवनशैली अनुसरण गर्दै धार्मिक, शैक्षिक तथा सामाजिक क्षेत्रमा योगदान पुर्‍याउनु हुने दानवीर व्यक्तित्व श्री परशुराम ढकालप्रति पूर्वाञ्चल दैनिक परिवार शब्द सुमनका साथ भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछ ।

आफ्ना अभिभावक बियोगको पीडादायी क्षणमा रहनुभएकी जेठी बुहारीः सावित्रा, माइला छोरा बुहारी : मोहन–शीला, साइँला छोराबुहारी : लक्ष्मण–दुर्गादेवी, काइँली बुहारीः भगवती, अन्तरे छोरा : अरुण, कान्छा छोरा बुहारी : सुरेश–तारा ढकाल र छोरी ज्वाइँ : दुर्गा–भीष्म आचार्य तथा सात नाति, १३ नातिनी, ३ पनाति, ५ पनातिनीसहित शोकाकूल समस्त परिवारमा दुःख सहन गर्ने क्षमता प्राप्त होस् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| चन्द्रकान्त ढकाल | एकराज गिरी | भानु शिवाकोटी | भरतलाल गिरी | टोरुप प्रसाई |
|---|---|---|---|---|
| व्यवस्थापक | प्रधान सम्पादक | प्रकाशन सहयोगी | प्रकाशक | अध्यक्ष |

**श्रीअन्तु प्रकाशन प्रा.लि.**

# पूर्वाञ्चल दैनिक परिवार



**ज्यो. मधुसूदन रिजाल**
**(स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
नियमित काममा जुट्दाजुट्दै पनि केही कमजोरी देखा पर्नेछन् । आलोचकहरूबाट केही सजग रहनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मौकामा प्रयत्न गर्दा काम बन्नेछ । सोखले खर्च बढाए पनि मालमत्ता जोड्ने समय छ । आफन्तको सहयोग मिल्ला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
आर्थिक कारोबारतर्फ लिन मिले पनि आज बाहिरिएको धन फिर्ता आउन मुस्किल पर्नेछ । विवादास्पद समस्या सुल्झाउने जिम्मेवारी बहन गर्नुपर्ने हुन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
विशेष अवसर अथवा रमाइलो परिस्थितिकाबीच पनि सानो चिन्ताले पिरोल्न सक्छ । स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्यका लागि सजग रहनुहोला । विवादास्पद जिम्मेवारी बहन गर्नुपरे पनि कामले प्रतिष्ठा दिलाउनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
अध्ययनमा समय दिन नसकिए पनि बौद्धिक क्षमताले प्रशंसा पाउनेछ । मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
केही खर्च लागे पनि नयाँ काममा लगानी गर्ने समय छ । मेहनतले प्रतिस्पर्धीहरू पछि पर्नेछन् । प्रयत्न गर्दा देश-विदेशको यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
अरूको करकापमा गरिएको काम समेत लाभदायी बन्नेछ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्ला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
आफन्तबाट टाढिनुपर्ने परिस्थिति आउन सक्छ । सरसापटमा गएको रकमले समेत फाइदा दिनेछ । मायामा धोका हुन सक्ला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
पहिलेको श्रम र लगानीबाट फाइदा उठाउने समय छ । आयआर्जनका स्रोत बढ्नेछन् भने पछिका लागि रकम सञ्चय गर्ने मौका छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
व्यापार-व्यवसाय फस्टाउने समय छ । प्रयत्न गर्दा जिन्सीलाई नगदमा रूपान्तरण गर्न सकिनेछ । सोख पूरा गर्न सकिनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समाजसेवा र नोकरीतर्फ गरिएका कामको राम्रै मूल्यांकन हुनेछ । आम्दानी बढ्नाले आवश्यकता थपिन सक्ला ।